हरिपुर्वा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हरिपुर्वा, सर्लाही

२ नं.प्रदेश,नेपाल

च.न - ६३८

पत्र संख्या :- ०७६/०७७

मिति : २०७६।११।२०

## करार सेवामा कर्मचारी भर्ना सम्वन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७६।११।२०)

नेपाल सरकारको चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७६, तथा हरिपुर्वा नगर कार्यपालिकाको मिति २०७६।११।१५ को निर्णयानुसार यस हरिपुर्वा नगरपालिकामा तल उल्लेखित सेवा, समूह, तह वा पदमा कर्मचारी करार सेवाबाट पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन सम्ममा कार्यालय समय भित्र आवश्यक कागजातहरु सहित दरखास्त दिनु हुन सम्बन्धीत सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. विज्ञापन गरिएको पदको विवरण ।

| विज्ञापन नं. | पद | सेवा | समूह | श्रेणी | मांग संख्या |
|---|---|---|---|---|---|
| १।०७६।०७७ | हे.अ. | स्वास्थ्य | हे.ई. | सहायक पाचौ | ३ |
| २।०७६।०७७ | अ.हे.व. | स्वास्थ्य | हे.ई. | सहायक चौथो | ३ |
| ३।०७६।०७७ | स्टाफ नर्स | स्वास्थ्य | प.हे.न. | सहायक पाचौ | २ |
| ४।०७६६।०७७ | अ.न.मि. | स्वास्थ्य | प.हे.न. | सहायक चौथो | ६ |
| ५।०७६।०७७ | का.स.(पियन) | सा.प्र. | प्र. | श्रेणीविहिन | ९ |

२. आवश्यक न्युनतम शैक्षिक योग्यता

(क) हे.अ.पदको हकमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा हे.अ. कोर्स उतिर्ण गरी एन.एम.सि(NMC) दर्ता भएको ।

(ख) अ.हे.अ.पदको हकमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा अ. हे.अ. कोर्स उतिर्ण गरी एन.एम.सि(NMC) दर्ता भएको ।

(ग) स्टाफ नर्स पदको हकमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा स्टाफ नर्स कोर्स उतिर्ण गरी नर्सिङ्ग काउन्सीलमा दर्ता भएको ।

(घ) अ.न.मि. पदको हकमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा अ.न.मि. कोर्स उतिर्ण गरी नर्सिङ्ग काउन्सीलमा दर्ता भएको ।

(ङ) का.स. (पियन) पदको हकमा उम्मेदवारले कम्तिमा आठ कक्षा उर्तिण हुनु पर्ने ।

३.उमेर हद : दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननघेको ।

४.दरखास्त दस्तुर र दस्तुर बुझाउने तरिका : प्राविधिक पदको लागि रु.६००।०० र का.स.(पियन) पदको लागि रु४००।०० दस्तुर लाग्नेछ र एन.आई.सी. एसिया बैंक को हरिपुर्वा शाखामा रहेको हरिपुर्वा न.पा.को बैंक खाता नं.D८CA०५०८५०९५२४०१ जम्मा गराउनु पर्नेछ ।

५.छनोट विधि : शैक्षिक योग्यतामा प्राप्त प्राप्तांक, सम्बन्धीत पदमा कार्य अनुभव र उम्मेदवारको स्यायी ठेगानाको आधारमा ग्रेडिंग र मौखिक अर्न्तवार्ता ।

६. पारिश्रमिक तथा सेवा सुविधा : नगरपालिकाले तोके बमोजिम हुने ।

...देव राय

...प्रशासकीय अधिकृत

७. करार म्याद अवधि २०७७ अषाढ मसान्त सम्म मात्र हुनेछ ।

८. दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरु

(क) आवश्यक न्युनतम् शैक्षिक योग्यताको प्रमाण पत्रको छायाकपी ।

(ख) प्राविधिक कर्मचारीको हकमा सम्बन्धीत व्यवसायिक परिषदमा दर्ता प्रमाणपत्रको छायाकपी ।

(ग) कार्य अनुभव भए सो को प्रमाणपत्रको छायाकपी ।

(घ) नेपाली नागरिकता प्रमाणपत्रको छायाकपी ।

(ङ) दस्तुर तिरेको सक्कल बैंक भौचर ।

(च) हालसालै खिचेको पासपोट साइज फोटो -२ ।

९.दरखास्त फारम पाईने र बुझाउने स्थान : हरिपुर्वा नगरपालिकाको स्वास्थ्य शाखा ।

१०.दरखास्त दिने अन्तिम मिति : २०७६।१२।०४ कार्यालय समय भित्र ।

११. सम्पर्क मिति : दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट कार्यालय समय भित्र । सो दिन बिदा परे बिदा पछिको कार्यालय खुल्ने दिन कार्यालय समय भित्र ।

१२. अन्तर्वार्ता मिति : सम्पर्क मितिका दिन नै जानकारी गराइने ।

१३.अन्तर्वार्तामा सामेल हुने उम्मेदवारले अन्तर्वार्ताका दिन दरखास्त साथ संलग्न गरेको प्रमाणपत्रको सक्कल प्रति पेश गर्नु पर्नेछ ।

१४. रित नपुगेका दरखास्त फारम अन्तर्वार्ता प्रकृयामा सामेल गराईने छैन ।

१५. कानुन बमोजिम अयोग्य नठहरिएको व्यक्ति मात्र उम्मेदवार बनाईनेछ ।

प्रमुख प्रशासकीय अधिकृत